# जानकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या : २४ प्रमाणिकरण : २०७७।१२।२८

प्रकाशन : २०७७।१२।३१

## बालबालिका संरक्षण कोष संचालन कार्यविधि, २०७७

**प्रस्तावना** : नेपालको संविधानमा भएको बालअधिकार साथै बालबालिका सम्बन्धी व्यवस्था , नेपालको चौधौ त्रिबर्षिय योजना , बालबालिका सम्बन्धी ऐन, २०७५ एवं नियमावली, बालबालिका को पक्षमा भएका नीतिगत तथा कानुनि प्राबधान समेत लाई दृष्टिगत गरी बालबालिका लाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपुर्ती प्रदान गर्ने कामका लागी साथै यस खजुरा गाउँपालिकामा नाजुक अवस्थामा रहेका बालबालिकाको हेरचाह ,पोषण, शिक्षा लगायतको क्षेत्रमा सुधार ल्याउन र उनीहरुलाई स्थानीय सरकारको अनुभुति दिलाउन सहयोग गर्ने उद्देश्यले स्थापित कोषको संचालनकालागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गाँउ सभाको बैठकबाट यो कार्यविधि बनाई लागुगरेका छौ ।

# परिच्छेद १

## २. संक्षिप्त नाम र प्रारम्भ

१) यो कार्यविधिको नाम - बालबालिका संरक्षण कोष संचालन सम्बन्धि कार्यविधि रहेको छ ।

२) यो कार्यविधिको मुल भावनामा परिवर्तन नहुने गरी तथा यो कार्यविधिले न्यूनतम मापडण्डमा प्रतिकूल असर नपर्ने गरी स्थानिय स्तरको विविधता अनुरुप सम्बन्धित स्थानिय निकायले यस कार्यविधिमा उल्लेखीत सूचक हरुको आधारमा कार्यक्रम संचालन गर्न सक्नेछ ।

३) यो कार्यविधि  स्वीकृत भएको मिति बाट लागुहुने छ ।

## २. परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क ) कोष भन्नाले बालबालिका संरक्षण कोष सम्झन ुपर्दछ ।

ख) बालबालिका भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम उल्लेख गरीएको परिभाषा सम्झनूपर्छ ।

ग) समिति भन्नाले यस कार्यविधिको खण्ड ३ बमोजिम गठन भयको समिति लाई सम्झन पर्छ  ।

घ ) न्युनतम सुचक भन्नाले  बालकालिका संरक्षण कोष संचालनका लागी तय भयका अनुसुचि १ मा उल्लेखित युनतम सूचक सम्झनृ पर्छ ।

ङ)गाउँपालिका भन्नाले बाँके जिल्लाको जानकी  गाँउपालिका सम्झनुपर्छ ।

## ४ कार्य विधिको उद्देश्य

यस कार्यविधिका उद्देश्यहरु निम्न बमोजिम छन्

१   स्थानिय निकाय मा बालबालिका संरक्षण कोष संचालन वा लागुगर्न सहयोग गर्न दिशानिर्देश गर्ने ।

२   स्थानीय स्तरको सेवा प्रबाहमा संलग्न सरकारी तथा गैर सरकारी र सामुदायिक संघ संस्था लाई बाल मैत्री स्थानीय शासन र सामाजिक न्यायको अवधारण अनुरुप समन्वायत्मक ढंगले कार्य गर्न सघाउने ।

३  समाजिक न्याय,मानब अधिकार र बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीमा प्रतिबद्धता ब्यक्त गरिएका बुदाहरुलाई स्थानीयकरण गरी कार्यान्वयनको तहमा पुयाउन सघाउने ।

४ मानब अधिकार र बाल अधिकार सम्बन्धी सेवा प्रबाहका न्युनतम सुचक प्राप्तिमा सहयोग गर्ने ।

५ समग्र शासकिय प्रकृयामा बालबालिका का सवाललाई आवद्ध गरी स्थानीय निकायलाई सुशासन तर्फ अभिप्रेरित गर्न सघाउने  ।

६  विद्धमान नीति तथा कानुन ले तोकेको विभिन्न निकायका मानव अधिकार संग संम्बन्धी कार्य जिम्मेवारी र सेवा प्रवाहमा एकीकरण गरी स्थानीय स्तरमा सेवा प्रदान गर्न गराउन जिम्मेवारी बहन गरी सेवा प्रवाह गर्न जिम्मेवार बनाउने ।

५ कार्य विधिको कार्यक्षेत्र

बालबालिका संरक्षण कोष कार्यन्वयन गर्ने सन्दर्भमा स्थानीय स्तरमा क्रियाशिल स्थानीय निकाय हरु र सरोकार वाल निकायहरु लाई समेत सहयोगी हुनेछ । साथै यस कार्यविधि को कार्य क्षेत्र जानकी गा.पा. का सबै वडा लाई सम्झनु पर्छ ।

## परिच्छेद २

## बालबालिका संरक्षण कोष सम्बधी ब्यवस्था

६   बालबालिका को परिभाषा :

क ) बालबालिका भन्नाले बाबुआमा दुबै गुमायका अरुको घरमा वा आफन्तको साहारामा बाचि रहेका बालबालिका सम्झनुपर्छ ।

ख ) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्था मा छाडियका वा फेला परेका तथा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालीका ।

ग) बाबु आमालाई गम्भीर वा प्रकारका रोग वा मानसीक अपा ·ताका कारण  उचित हेरचाह नपाएका बालबालीका ।

घ) हिंसा वा कुनै दुर्व्यवहार मा परेका वा संरक्षक नभएका बालबालिका ।

## ७ बालबालिका संरक्षण कोष को महत्व :

बालबालीका को संरक्षण गर्ने प्रमुख जिम्मेवारी राज्यको हुन आउछ । बाल अधिकार सम्बन्धी महासन्धी १९८९ र मानव अधिकारको विश्वव्यापी घोषण पत्र सन् १९४८ मा नेपालले पनि हस्ताक्षर गरी प्रतिबद्धता जनाई सकेकोले मानब अधिकारको न्युनतम स्तरको मापडण्ड पुरा गर्नुराज्यको कर्तब्य तथा दायीत्व हुन आउछ समाजमा सामाजिक न्याय कायम गरी शान्ती सु व्यवस्था र अमन चयन कायम गर्नु र मानब अधिकार र बाल अधिकारको सम्बर्द्धन गरी जनउत्तर दायित्व वहन गर्न यस कोष ले मद्धत पुयाउनेछ । बालबालिका लाई तत्काल उद्धा्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपुर्ती प्रदान गर्ने कामका लागि समेत यस कोष ले सहयोग पुराउने छ ।

## परिच्छेद ३ :

बालबालिका संरक्षण कोष संचालनको संस्थागत ब्यवस्था

१ बालबालिका संरक्षण कोषको पालिका स्तरीय समिति : वालबालिका संरक्षण कोषलाई प्रभावकारी र उपयोगी ढंगले संचालन गर्न का लागी बालबालिका संरक्षण कोष को समिति गठन हुने छ ।

२ उक्त समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् :

| | |
|---|---|
| क ) गाँउपालिका प्रमुख | संयोजक |
| ख ) गाँउपालीका उपप्रमुख | सदस्य |
| ग ) लेखा अधिकृत | सदस्य |
| घ ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) महिला तथा बालबालिका शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

यस समिति ले आवस्यकता अनुसार सरोकार वाला क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरु बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

३) खाता संचालन : जानकी गा.पा.का प्रमुख प्रशाकिय अधिकृत र जानकी गा.पा. लेखा प्रमुख को संयुक्त दस्तखत बाट संञ्चालन हुने छ ।

परिच्छेद ४

## कोष ब्यवस्थापन र कोष प्रबाह

९ बालबालीका संरक्षण कोषको जानकी गाँउपालीका मा रहने छ । यो कोष सम्बन्धी अन्य ब्यवस्था स्थानीय निकाय आर्थिक नियमावली २०७७ बमोजिम हुने छ । र यस गाउँपालीकाले कोष संचालनका लागी एक अलग्गै खाता संचालन गर्ने छ ।

१० कोषको उपयोग र खाता संचालन आर्थिक नियमावली २०७७ अनुरुप हुने छ ।

११ कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

१.उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् ।

क) नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहबाँट प्राप्त रकम

ख) अन्तराष्ट्रीय संघ संस्था वा ब्यक्तिबाट प्राप्त रकम

ग) स्वदेशी ब्यक्ति, संघ वा संस्था बाट प्राप्त रकम ।

घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

१२.कोषको प्रबाह :

वडा कार्यालयहरु बाट सीफारिस भएर आयका निवेदनहरुलाई समितिले छलफल गरी उपयुक्त ठहरियमा मात्र चेक मार्फत बढिमा दस हजार रकम सम्म भुक्तानि गर्ने छ ।

अनुसुचि १

बालबालिकाको अवस्था अनुसारको न्युनतम सुचक हरु :

बालबालीका :

१. आमा, बुवा वा अभिभावक विहिन अनाथ  बालबालीका

२. कानुनि  विबादमा परेका बालबालीका मध्य बैकल्पीक हेरचाहका लागि सिफारिस बालबालीका

३. बाबुआमा वा सौतेनीआमा अभिभावक बाट दुर्बयबहार, हिंसा वा ब्यवास्था भएको कारणले बालबालीकाको उच्चतम हितका लागि परिवार बाट अलग गरीएका बालबालीका

४. जवरजस्ती वा बधुवा प्रकृतिका वा जोखीमपुर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलीत कानुन विपरीत श्रममा संलग्न वा धुम्रपान मद्दपान एवं अन्य लागु औषधको कुलतमा फसेका एच. आई .भी संक्रमित बालबालीका

५. गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबु आमा  वा परिवार बाट उपचारको ब्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठीनाई भएका बालबालीका

६. बालबालीका विरुद्धको हिंसा वा बाल यौन दुर्ब्यवहार बाट पीडित भएका वा त्यस्तो जोखीममा रहेका बालबालीका

**आज्ञाले**
प्रमुख प्रशासकिय अधिकृत